# मकालु गाउँपालिका

**Makalu Rural Municipality**

गाउँ कार्यपालिकाको कार्यलय

**Office Of Rural Municipal Executive**

पत्र संख्या : २०७७/०७८
**Ref No : 2077/078**
चलानी नं.:

नुम, संखुवासभा
**Num, Sankhuwasava**
प्रदेश नं. १, नेपाल
**Province No.1, Nepal**

मिति २०७७।०८।०४

सूचना ! सूचना !! सूचना !!!

**विषय : कोभिड १९ को संक्रमण देखा परेको हुदाँ सचेत रहने बारेमा अत्यन्त जरुरी सूचना ।**

प्रस्तुत विषयमा यस मकालु गाँउपालिका भित्र कोभिड १९ को उच्च जोखिम रहेको र यस संक्रमणलाई न्यूनिकरण तथा व्यवस्थपान गर्न मिति २०७७०८।०४ गतेको कोभिड १९ संकट व्यवस्थापन समितिको बैठक बसेको र उक्त बैठकको निर्णयानुसार यस मकालु गाँउपालिका वडा नं. ५ नुम तथा अन्य संक्रमित क्षेत्रमा कोरोना भाइरस रोकथाम तथा नियन्त्रणलाई न्यूनिकरण गर्नको लागि स्वास्थ्य मापदण्ड पालना गरी तपशिल बमोजिमका कार्यहरु गर्नु हुन साथै संक्रमितको सम्पर्कमा रहेका सवै जना स्वः क्यारेन्टिनमा बस्ने र यदि ७ दिन भित्र कोरोना सँग सम्बन्धित लक्षण तथा चिन्ह देखा परेमा मकालु गाँउपालिकाको स्वास्थ्य शाखामा सम्पर्क गर्नु हुन जानकारीको लागि यो सूचना प्रकाशित गरिन्छ ।

**पालना गर्नु पर्ने कार्यहरु**

१.बाहिर हिड्डुल गर्दा अनिवार्य मास्क प्रयोग गर्ने वा लगाउने ।

२.व्यापार व्यवसाय गर्नेले अनिवार्य रुपमा मास्क ,पन्जा , स्यानिटाइजर प्रयोग गर्ने र भौतिक दुरि कायम गर्ने ।

३.भिडभाड, चोकमा भेला नगर्ने र गर्न नदिने ।

४.खेलकुदका क्रियाकलाप संचालन नगर्ने ।

५.विद्यालय सिकाई सहजिकरण केन्द्र ( श्री सिंहेश्वरी मा.वि र अरुण भ्याल्ली वोर्डिङमा मिति २०७७०८।४ गते देखि २०७७०८।१० गते सम्म ) वन्द गर्ने तर अन्य उपाय खोजि उक्त विद्यालयहरुले सिकाइ सहजिकरण कार्यलाई निरन्तरता दिने ।

६. अत्यावश्यक काम बाहेक घरवाट वाहिर ननिस्कने ।

७.सावुन पानीले मिचिमिचि २० सेकेण्ड सम्म हात धुने र व्यक्तिगत तथा सामुदायिक सरसफाईमा ध्यान दिने ।

..................
तेज बहादुर पोखेल
अध्यक्ष